# ठोरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

घ्याङ्गडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या:- ०७९/८०
च.नं. २२३१

मितिः- २०७९/१२/०२

**विषयः- दाबी विरोध गर्न आउने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदवार, काठमाडौंद्वारा सञ्चालित **गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम** ठोरी गाउँपालिकामा सञ्चालन भइ ठोरी गाउँपालिका भित्र **३५३९ घरधूरीको** तथ्यांक संकलन मध्ये गरिब घरपरिवार पहिचान सर्वेक्षण २०७८ अनुसार **२०४ घरधूरी अति गरिब, मध्यम गरिब र सामान्य गरिब** पर्न गएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ अनुसूचि – २ बमोजिम दाबी विरोधको लागि यस गाउँपालिकाको कार्यालय, घ्याङ्गडाँडा, पर्सामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र दाबी विरोध पर्न नआएमा पछि कुनै उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ। साथै अति गरिब, मध्यम गरिब र सामान्य गरिबको तथ्यांकको सूचि सम्बन्धित वडा कार्यालय, सार्वजनिक स्थान तथा गाउँपालिकाको सूचना पार्टीमा टाँस गरिएको साथै गाउँपालिकाको Facebook Page तथा www.thorimun.gov.np मा अपलोड गरिएको व्यहोरा समेत जानकारी गरिन्छ।

.............................................
कृष्णलाल श्रेष्ठ
(प्रमुख प्रशासकीय अधिकृत)